## विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड ७** | **संख्या ७** | **मिति २०८०।१२।२२** |

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

## संवत २०८० सालको कार्यविधि संख्या ७

# उपाध्यक्षसँग विपन्न महिला उद्यमी उत्थान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

विहादी गाँउपालिका भित्रका महिलाहरुमा उद्यमशिलता विकास गर्दै क्षमता अभिवृद्धि गरी महिलाहरुलाई आर्थिक रुपमा सवल र सक्षम बनाउने कार्यक्रमहरु सञ्चालन गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले विहादी गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**<u>उपाध्यक्षसँग विपन्न महिला उद्यमी उत्थान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०</u>**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०|१२।२२**

**<u>प्रस्तावनाः</u>**

विहादी गाँउपालिका भित्रका महिलाहरुमा उद्यमशिलता विकास गर्दै क्षमता अभिवृद्धि गरी महिलाहरुलाई आर्थिक रुपमा सवल र सक्षम बनाउने कार्यक्रमहरु सञ्चालन गर्नको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले विहादी गाँउपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**परिच्छेद १**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** १) यो कार्यविधिको नाम "**उपाध्यक्षसंग विपन्न महिला उद्यमी उत्थान तथा प्रोसाहन कार्यक्रम सञ्चालन कार्यविधि २०८०"** रहेको छ।

२) यो कार्यविधि विहादी गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **<u>परिभाषाः-</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) "कार्यक्रम" भन्नाले उपाध्यक्षसंग विपन्न महिला उद्यमी उत्थान तथा प्रोसाहन कार्यक्रम भन्ने सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले विहादी गाँउपालिकाको गाँउ कार्यपालिका लाई सम्झनु पर्दछ।

ग) "अध्यक्ष भन्नाले विहादी गाँउपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासमकीय अधिकृत भन्नाले विहादी गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) "कार्यविधि भन्नाले उपाध्यक्षसंग विपन्न महिला उद्यमी उत्थान तथा प्रोसाहन कार्यक्रम सञ्चालन सम्झनु पर्दछ ।

**परिच्छेद-२**

**<u>उद्धेश्य</u>**

**<u>उद्धेश्य</u>**ः यस कार्यविधिको उद्धेश्य देहाए बमिजिमको प्रकार रहेको छ।

क) विहादी गाउँपालिका का महिलाहरुलाई सिप र प्रविधि मैत्री बनाउने ।

ख) लङ्गिक हिंसालाई न्युनीकरण गर्दै पीडीत तथा प्रभावितहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने ।

ग) महिलाहरुको क्षमता अभिवृध्दि गराउदै आर्थिक रुपमा सवल सक्षम बनाउन उद्यमशीलताको विकाश गराउने

घ) महिलाहरुको समग्र विकाश मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

## परिच्छेद-३

## कार्यक्रमको क्षेत्र

१. प्रस्तावना उद्देश्य पूरा गर्न निम्न बमोजिमका आधारभुत क्षेत्र तोकिएका छन् र

क) चेलिबेटी तथा मानव बेचविखन विरुध्दको सचेतना अभियान सम्वन्धि कार्यक्रम ।

ख) घरेलु हिंसा विभिन्न स्वरुप विरुद्धको नियन्त्रणमुखी ।

ग) दाईजो विरुद्धको सचेतना कार्यक्रम ।

घ) स्वास्थ्य पारिवारिक शिक्षाका कार्यक्रम ।

ङ) लागू औषत नियन्त्रण कार्यक्रम ।

च) कानुनी चेतना कार्यक्रम ।

छ) नावालकको जन्म दर्ता सम्वन्धी अधिकारका कार्यक्रम ।

ज) महिलाको आर्थिक आयआर्जनसँग प्रत्यक्ष सहयोग पुर्याउने र उद्यमशीलताको विकाश गर्ने सिप मुलक कार्यक्रमहरु

## परिच्छेद-४

## कार्यक्रमका रणनिति

(क) कार्यक्रम आवाश्यकताको पहिचान,कार्यक्रम प्रभावकारी संचालन

(ख) अनुगमन तथा सुपरीवेक्षण

## परिच्छेद-५

## संचालन समिति गठन र कार्यक्रम सञ्चालन सम्बन्धि ब्यवस्था

**१. सञ्चालक समितिः** कार्यक्रमका संचालनका लागि देहाय बमोजिम ७ सदस्य संचालन समिति रहने छ ।

| | |
|---|---|
| उपाध्यक्ष - | संयोजक |
| आर्थिक विकाश समिति संयोजक - | सदस्य |
| सामाजिक विकाश समिति संयोजक — | सदस्य |
| गाँउपालिका बाट दलित प्रतिनिधित्व गर्ने एक जना कार्यपालिका सदस्य - | सदस्य |
| उद्यमशीलता र सीप विकासका क्षेत्रमा काम गरेका दुई जना महिला - | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | -सदस्य सचिव |

आवाश्यक अनुसार बैठकमा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिने ।

२ **संचालक समितिको कार्य जिम्मेवरी**

क) कार्यक्रम संचालन सम्बन्धमा आवाश्यक कार्य योजना तयार गरी कार्यन्वयन गर्ने ।

ख) सीप विकाश/महिला उद्यमसिलताका कार्यक्रमहरु संचालन नियमन तथा अनुगमन गर्ने ।

ग) कार्यक्रमको उद्धेश्य अनुरुप कार्यक्रम संचालनको लागि निर्देशन गर्ने।

घ) वडास्तरमा उद्यमशिलता रोजगारी तथा शसक्तिकरण अभिवृद्धि सम्वन्धि सीप तथा क्षमता अभिवृद्धि तालिम संचालन गर्ने

**(३) सञ्चालन हुने कार्यक्रमहरु**

क) खेलकुद, निर्माण, कृषि, ब्यवसाय तथा घरेलु कामहरुलाई लक्षित उद्यमसिलता ,रोजगार मुलक, सिपविकास तथा क्षमता अभिवृद्धि लगायतका तालिमहरु।

ख) स्थानीय महिला समुहहरुको सक्रियतामा स्थानीय स्तरका कृषि जन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु ।

ग) विहादी गाँउपालिका क्षेत्र भित्रका महिला लक्षित सम्बन्धि कार्यपालिकाले निर्णय गरेका थप कार्यक्रमहरु ।

## परिच्छेद ६

## कार्यक्रम छनोट तथा कार्यान्वयन

१ उपाध्यक्षसंग विपन्न महिला उद्यमी उत्थान तथा प्रोसाहन कार्यक्रम संचालन समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम संचालन गर्न सक्ने छ ।

२ महिला सशक्तिकरण तथा सिप विकासको क्षेत्रमा कार्यरत संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रमहरु संचालन गर्ने ।

३ वडास्तर वाट कार्यक्रम माग भई आएमा संचालन समितिले आवाश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडी बढाउन स्वीकृत दिन सक्ने छ । कार्यक्रमको प्रभावकारीताको अनुगमन समितिले गर्ने छ ।

४ संचालक समितिले आवाश्यक ठानेमा कार्यपालिका बाट स्वीकृत गराएर महिला उद्यमशिलता का लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्दछ ।

५ विपन्न र अति विपन्नलाई विशेष प्रथामिकता दिईने (एकल, हिंसा पिडित,अपाङ्गता भएका,दलित,आदिवासी जनजाति र सिमान्तकृत महिला)

## परिच्छेद ७

## वैठक सम्बन्धी ब्यवस्था

१ समितिको वैठक कम्तिमा ३ महिनाको एक पटक वस्ने छ । तर आवाश्यक परेमा अध्यक्षको निर्देशनमा जुनसुकै बेला वैठक आव्हान गर्न वाधा पर्ने छैन ।

## परिच्छेद ८

## बजेट सम्बन्धी व्यवस्था

१ कार्यक्रम संचालनको लागि वजेटको व्यवस्थापन गाँउ सभाले गर्ने छ

## परिच्छेद ९

## विविध

१ कार्यक्रम संचालनको कार्विधि संचालन समितिको निर्णय बमोजिम हुनेछ ।

२ कार्यविधिको कुनै संसोधन गर्नु परेमा गाँउ कार्यपालिकाले गर्ने छ ।

३ कार्यविधिमा उल्लेखित दफाहरुको कार्यन्वयनका लागि गाँउ कार्यपालिकाले आवाश्यक उप समितिहरु गठन गरी कार्यन्वयनका लागि निर्देशन दिन सक्ने छ ।

आज्ञाले

हरि प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत